वर्ष ६, अंक ११, फागुन

# अपराध अनुसन्धान

## मासिक ई-वुलेटिन




**नेपाल प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**

''वस्तुनिष्ठ अपराध अनुसन्धान
मानव अधिकारको सम्मान''

# विषय सूची

**प्रमुख सल्लाहकार**
प्र.अ.म.नि. टेक बहादुर तामाङ
प्र.ना.म.नि. जनक भट्टराई

**सल्लाहकार**
प्र.ब.उ. वसन्त रजौरे
प्र.ब.उ. नविनराज राई

**सम्पादक मण्डल**
प्र.नि. केवि गुरूङ
प्र.ना.नि. गणेश बहादुर थिङ
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

**संकलन**
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत
प्र.ह. कल्पना राई

**ले-आउट/ग्राफिक्स**
प्र.ज. भावना चन्द

| | |
|---|---|
| **विभागीय गतिविधि** | **१ - ३** |
| **अपराध तथ्याङ्क** | **४ - ९** |
| **प्रहरी सेवा प्रवाह** | **१० - १२** |
| **खोजतलास तथा समन्वय** | **१३** |
| **अपराध अनुसन्धानमा सहायता प्रदान** | **१४ - १५** |
| **अपराध समाचार** | **१६ - २०** |
| **उत्कृष्ट अनुसन्धान** | **२१** |

# विभागीय गतिविधि


## ७ (सात) महिनामा ५,५०,०६० (पांच लाख पचास हजार साठी जनालाई Online बाट Police Report

***काठमाडौं, १ फागुन***

नेपाल प्रहरीले चालु आर्थिक वर्षको साउनदेखि माघसम्मको ७ महिनाको अवधिमा ५,५०,०६० ( पांच लाख पचास हजार साठी) जनालाई Online बाट प्रहरी चारित्रिक प्रमाणपत्र (Police Report) उपलब्ध गराएको छ। सो अवधिमा ७,१०,९४४ ( सात लाख दस हजार नौसय चवालिस) जना नेपाली तथा विदेशी नागरिकहरूबाट अनलाइन आवेदन प्राप्त भएको थियो। तीमध्ये १,४४,२१२ (एक लाख चवालिस हजार दुई सय बाह्र) वटा आवेदन रद्द भएका थिए भने १६,६७२ ( सोह्र हजार छसय बहत्तर) आवेदन कार्यान्वयनको क्रममा छन्। विभिन्न प्रयोजनका लागि चारित्रिक प्रमाणपत्र लिनका लागि अनलाइन निवेदन दिने स्वदेशी तथा विदेशी नागरिकहरूलाई नेपाल प्रहरीले चारित्रिक प्रमाणपत्र उपलब्ध गराउने गरेको छ। नेपाल प्रहरीको Website बाट सेवाग्राहीले जुनसुकै ठाउँबाट Online Form भर्न सक्छन्। स्वदेशमा भएका नेपाली नागरिकहरूले अनलाइन निवेदन दिँदा राहदानी ,नागरिकता, विवाहितको हकमा विवाह दर्ताको स्क्यान कपि र हालसालै खिचिएको पासपोर्ट साइजको रंगीन फोटो समावेश गर्नुपर्ने हुन्छ। यसैगरी विदेशमा रहेका नेपाली नागरिकहरूले राहदानीको पृष्ठ नम्बर २ र ३, अन्तिम पटक नेपाल छोड्दाको Nepal Immigration Departure Stamp भएको पृष्ठ, नागरिकता, विवाहितको हकमा विवाह दर्ताको Scan Copy र हालसालै खिचिएको पासपोर्ट साइजको रंगीन फोटो समावेश गर्नुपर्ने हुन्छ। आवश्यक कागजातहरू सहितको निवेदन पेश गरेको करिब ५ दिनभित्र आवश्यक प्रकृया पूरा भएपछि निवेदककै User ID मा प्रहरी रिपोर्ट पठाइने व्यवस्था छ। सेवाग्राहीको आवेदन विवरण ठिक नभएमा, संदिग्ध व्यक्तिसँग नाम मिल्न गएमा आवेदन दिने र मुद्धा चलेको व्यक्ति एकै हुन/होईनन् ? यकिन गर्नका लागि थप अनुसन्धान गर्नुपर्ने भएकोले केही समय लाग्ने गरेको छ। प्रहरी रिपोर्ट सम्बन्धी काम नेपाल प्रहरी प्रधान कार्यालय CRS (Criminal Record System) शाखाको सहयोगमा चालचलन शाखाले गर्दछ। उक्त शाखा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग अन्तर्गत रहेको छ।

विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङज्यू भन्नुहुन्छ" ,सकेसम्म ५ दिनभित्रै प्रहरी रिपोर्ट उपलब्ध गराई राखेका छौं। जुन विकसित देशको तुलनामा राम्रो सेवा हो। विगतका अभिलेखहरू पूर्ण नभएका कारण नाम जुध्न जाने हुँदा केही आवेदनहरू Hold मा रहन्छन् र Verify गर्दा थप समय लाग्नसक्छ। यसका लागि आधुनिक जगतको टड्कारो आवश्यकताको रूपमा रहेको प्रविधिको प्रयोगलाई अझै सशक्त बनाउँदै सेवा प्रदान गर्न नेपाल प्रहरी प्रयासरत छ। Online बाट प्रहरी चारित्रिक प्रमाणपत्र वितरण सुरूवात २०७६ असोज २४ गतेदेखि भएको हो। सुरूवातदेखि हालसम्म ३१,०४०,९८ ( एकतिस लाख चालिस हजार अण्ठानब्बे) जनाको आवेदन प्रप्त भएको थियो। तीमध्ये नेपाली नागरिकले स्वदेशबाट २८, ९५,२०२ ( अट्ठाईस लाख पन्चानब्बे हजार दुईसय दुई ) नेपाली नागरिकले विदेशबाट २,०३६,१० (दुई लाख छत्तिस हजार दस) विदेशी नागरिकबाट ७,८९९( सात हजार आठ सय उनान्सय) र शरणार्थीबाट ९८७ (नौ सय सत्तासी) वटा आवेदन प्राप्त भएका थिए। ती आवेदनमध्ये २३,१७,६७३ ( तेईस लाख सत्र हजार छसय तिरत्तर) जना स्वदेशी तथा विदेशी नागरिकहरूलाई प्रहरी चारित्रिक प्रमाणपत्र उपलब्ध गराइएको थियो। हाल दैनिक ३५०० (तिन हजार पांच सयदेखि ५३०० (पांच हजार तिन ) सयसम्म Online आवेदन प्राप्त हुने र तीमध्ये सामान्यतया ४००० (चार हजार प्रमाणपत्र उपलब्ध गराइने गरिएको छ। Police Report लिने प्रकृया थप सहज बनाउनको लागि सूचना प्रविधि सहयोगी बनेको छ। आधुनिक प्रविधिको उच्चतम प्रयोग गर्ने नीति प्रहरीले अख्तियार गरेको छ। नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायव महानिरीक्षक भिम प्रसाद ढकाल ज्यू भन्नुहुन्छ" ,यस्तो छिटोछरितो सुविधा प्रहरीको सकृयता र सूचना प्रविधिको प्रयोगले मात्र सम्भव भएको हो। यस व्यवस्थालाई अझ प्रभावकारी र सहज हुने गरी काम गर्न नेपाल प्रहरीले सूचना प्रविधिको प्रयोगलाई उच्च प्राथमिकता दिँदै आएको छ। प्रहरीलाई आवश्यक पर्ने Software निर्माण, त्यसका लागि तालिम दिने लगायतका सूचना प्रविधि सम्बन्धी काम भइरहेका छन्।" Police Report सम्बन्धी कामका लागि निर्मित Software मध्ये Criminal Record System (CRS), Automated Finger Print Identification System (AFIS) र Online Police Clearance Registration system (OPCR) Software हरू प्रयोगमा छन्। CRS आपराधिक घटना र संलग्न व्यक्तिको अद्यावधिक अभिलेख राखिन्छ। जसबाट कुनै व्यक्ति अपराधमा संलग्न भए नभएको जाँच गरिन्छ। AFIS Software ले विदेशी नागरिक नेपालमा रहँदाको आपराधिक अभिलेख औंठा छापबाट थप जाँच गर्न मद्दत गर्दछ। विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक तामाङज्यू भन्नुहुन्छ, " छिटो छरितो गर्न थप साधन स्रोत आवश्यक पर्छ। प्रविधिको प्रयोग, पुराना अभिलेख Update गर्दै छिटो सेवा दिने प्रयास गरिरहेका छौं।"

### अनलाइन चारित्रिक प्रमाणपत्र वितरण प्रकृया :




नेपाल प्रहरीले Police Report पूर्णतः निःशुल्क उपलब्ध गराउँछ। अपराध सम्बन्धी राष्ट्रिय अभिलेख तथा प्रहरी चारित्रिक प्रमाणपत्र वितरण निर्देशिका, २०८० बमोजिम प्रहरी चारित्रिक प्रमाणपत्र पाउने आवेदकलाई नियमानुसार उपलब्ध गराउने गरिएको छ।

## दर्ज्यानी चिन्हद्वारा सुशोभित



***काठमाडौं, ११ फागुन***

प्रहरी उपरीक्षकको मिति २०८० माघ २३ गतेको निर्णयानुसार जनपद तर्फका प्रहरी सहायक हवल्दार पदबाट प्रहरी हवल्दार पदमा बढुवा नियूक्ति भएका प्रहरी हवल्दार राधा के.सी.लाई नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङ ज्यू द्धारा दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रम सम्पन्न भयो। दर्ज्यानी चिन्ह सुशोभन गर्ने क्रममा प्रहरी अतिरिक्त महानिरीक्षक तामाङज्यूले बधाई दिँदै आगामी दिनमा अझ बढी व्यावसायिकता प्रदर्शन गर्दै प्राप्त जिम्मेवारीलाई वहन गर्न निर्देशन दिनुभयो। उक्त कार्यक्रममा सिनियर प्रहरी अधिकृत, जुनियर प्रहरी अधिकृत तथा अन्य दर्जाका प्रहरी कर्मचारीहरुको उपस्थिति रहेको थियो।

## Virtual Meeting एवं निर्देशन तथा सुझाव



***काठमाडौं, १७ फागुन***

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङज्यूले काठमाण्डौ उपत्यका प्रहरी कार्यालय प्रमुख , प्रदेश प्रहरी कार्यालय प्रमुख, नेपाल प्रहरी प्रदेश कार्यालय प्रमुख, जिल्ला प्रहरी परिसर प्रमुख, जि.प्र.का. प्रमुख र मुद्दा चल्ने इकाईका प्रमुखहरुलाई अपराध अनुसन्धानसंग सम्बन्धित विषयमा Virtual Meeting एवं Video Conference मार्फत् निर्देशन दिनुभयो। उक्त अवसरमा प्रहरी अतिरिक्त महानिरीक्षक तामाङज्यूले कार्यालय प्रमुख र सि.प्र.अ.को गहन सहभागिता भई Correction गर्ने, अनुगमन गर्ने, Team गठन गरेर कार्यसम्पादन गर्नुका साथै सिकाइको वातवरण बनाउने तालिम Informal रुपमा आयोजना गर्ने र मुचुल्का लेखन कतिपय कार्यालयले अनुशिक्षण गराएकै छ त्यसमा अन्य विषयमा पनि तालिम गराउने र Formal तालिमको मात्र मुख ताकेर आफ्नो कार्य सम्पादनको स्तर बढाउन सकिदैन घरेलु हिंसा मामिला सिप विकास प्रशिक्षण समेत दिनुपर्छ भनि निर्देशन दिनुभयो। साथसाथै सुधारकालागि Checklist बनाएर मूल्याङ्कन गरी कार्यालयको तर्फबाट गर्न सकिने सामान्य साधन स्रोतको व्यवस्था गर्नुका साथै पुराना फायलहरु नियतवस वा सुझवुझका कमीका कारण विगारेर राखेका हुन सक्छन्, त्यस्ता मिसिलहरु अध्ययन गरी फछ्यौंट तर्फ लागी २० वर्ष अघि खालि पानामा कर्तव्य ज्यानको साविती वयान जो सरकारी वकिलसँग समेत नपुर्याइ राखिएको Case अहिले सफल भएको पाइएकोमा यस्ता कमजोरीहरु अन्यत्र कार्यालयहरुमा पनि हुन सक्छन् भनि Serious case को pending मा नेपाल प्रहरी प्रदेश कार्यालयले पनि सपोर्ट गर्न सक्छ र CRS, CFD मा कार्यालय प्रमुख साथै प्रदेश प्रहरी कार्यालयहरुले समेत Monitoring गर्न निर्देशन दिनुभयो। गाँजा, अफिम वेर्नाको समयमै नष्ट गर्ने कार्ययोजना बनाउन Crime rate number घटाउनु पर्ने अनिमात्र Quality Investigation गर्न, आत्महत्या, लागू औषध विरुद्धको कार्यक्रम समेत स्थानिय पालिका वा प्रदेशसँग समन्वय गरी अघि बढ्ने , चेक अनादर लगायत आर्थिक अपराध संवन्धी परिपत्रहरु गर्नाले कुराहरु स्पष्ट हुने सुझाव दिनुभयो। आर्थिक अपराध वा साइवर अपराध अनुसन्धान अवको Burning Issue भएकोले हामीले पन्छाउने प्रवृत्ति छोडनुपर्ने हुन्छ। विषयान्तर गरी मुद्दा चलाउने बन्द गर्ने, घुमाईफिराई अभद्र व्यवहार मुद्दा चलाउने प्रवृत्तिले कार्यालय प्रमुख र अनुसन्धान अधिकृत जिम्मेवार बन्नुपर्नेछ। अपवाद वाहेक कम गर्नैपर्छ। Proper कानूनको माग बढेपछि आउला नि, प्रहरी गलत कानूनको प्रयोग गरेर समाज सुध्रिन्न होला। गलत फाइदा उठाउन गलत Intention ले पीडित वा सेवाग्राहीले प्रहरीवाट दुःख नपाउन् भनि तामाङ्ज्यूले सुझाव दिनुभयो।

## Microsoft office package” तालिम सम्पन्न




***काठमाडौं, फागुन १५***


राष्ट्रिय प्रहरी प्रतिष्ठान, महाराजगञ्जको तत्वावधानमा नेपाल प्रहरी प्रधान कार्यालय, सूचना प्रविधि निर्देशनालयका प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूको प्रमुख आतिथ्यतामा मिति २०८० माघ २२ गते देखि संचालित १९ कार्यदिन अवधिको गैह्र-आवासीय आधारभुत २०८० फागुन १५ गते सम्पन्न भयो। उक्त तालिममा प्रहरी वरिष्ठ नायव निरीक्षक १, प्रहरी नायव निरीक्षक १, प्रहरी सहायक निरीक्षक ३, प्रहरी वरिष्ठ हवल्दार २, प्रहरी हवल्दार ३, प्रहरी सहायक हवल्दार १३ जना र प्रहरी जवान १३ जना गरी जम्मा ३६ जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो। **“Microsoft office package”** तालिमबाट Computer सम्बन्धी ज्ञान सिप हासिल गर्नुका दक्ष प्रहरी जनशक्तिबाट सम्वन्धित प्रहरी कार्यालयहरुमा सघाउ पुग्ने विश्वास लिदैं तालिम सफलतापूर्वक सम्पन्न गरेकोमा सहभागीहरुलाई प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूले बधाई समेत व्यक्त गर्नुभयो। उक्त अवसरमा भण्डारीले प्रशिक्षार्थीहरुलाई प्रमाण-पत्र वितरण गर्दै प्रशिक्षार्थीले तालिमबाट प्राप्त गरेका ज्ञान, सिप र दक्षतालाई आ-आफ्नो कार्य क्षेत्रमा जिम्मेवारी पूर्वक त्रुटिरहित ढंगबाट कार्य सम्पादन गर्नुपर्ने बताउनुभयो।

# अपराध तथ्याङ्क


## काठमाडौ उपत्यका तथा प्रदेशहरुको फागुन महिनाको अपराध तथ्याङ्क (मुद्दा दर्ता संख्या)





## त्रैमासिक उपत्यका तथा प्रदेशगत मुद्दा दर्ता संख्या (पुस-फागुन)




## त्रैमासिक मुद्दा दर्ता र फछ्यौंट संख्या (पुस-फागुन)





## वार्षिक अपराध तंथ्याक (०७७/०७८ देखि ०८०।०८१ फागुन सम्म)




## जघन्य अपराधको प्रदेशगत मुद्दा दर्ता ( आ.व. २०८०।०८१ फागुन)





## गम्भीर अपराधको प्रदेशगत मुद्दा दर्ता (आ.व. २०८०।०८१ फागुन)




## सामान्य अपराधको प्रदेशगत मुद्दा दर्ता संख्या (आ.व. २०८०।०८१ फागुन)





## २०८० फागुन महिनामा घरेलु हिंसा सम्बन्धी विवरण



## २०८० फागुन महिनामा जबरजस्ती करणी मुद्दामा पीडित र अभियुक्तको सम्बन्ध विश्लेषण





## २०८० फागुन महिनामा भौगोलिक स्थानको आधारमा जबरजस्ती करणीको घटनास्थल संख्यागत विवरण




## २०८० फागुन महिनाको फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ संख्या

| सि.नं. | प्रदेश/उपत्यका/व्यूरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | २२१ | ३५ वर्ष १० महिना २३दिन | ४६,५६,५०,५८८ |
| २. | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | ५०२ | ८० वर्ष ५ महिना २३ दिन | ३,२२,९३,८५८ |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ४६० | ५८ वर्ष ५ महिना ४ दिन | ३३,४१,६३२ |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | १६० | ९५ वर्ष ० महिना १९ दिन | ६७,४४,९९५ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | १३८ | २७ वर्ष ११ महिना १७ दिन | ५७,०८,७५० |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | १२०१ | १३२ वर्ष ५ महिना २७ दिन | २४,८५,२७० |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ३१ | २२ वर्ष ६ महिना ३ दिन | २,४३,९४५ |
| ८. | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | १३४ | ६४ वर्ष ६ महिना १० दिन | ३९,४८,५७३ |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगञ्ज | ९ | ८ वर्ष २ महिना ९ दिन | १३,१९,४६,३७८ |
| | **जम्मा** | **२८५६ जना** | **५२१ वर्ष ५० महिना १३५ दिन** | **रु.६५,२३,६३,९८९। -** |

## २०८० फागुन महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ तथा मुद्दा संख्या





## २०८० माघ र फागुन महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ संख्या



# प्रहरी सेवा प्रवाह

## २०८० फागुन महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी संख्या





## २०८० फागुन महिनामा चालचलन शाखाको प्रगती विवरण

| क्र.सं. | विवरण | प्रगती | |
|---|---|---|---|
| १ | Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/बितरण | दर्ता | बितरण |
| | | ९५४१२ | ८१००९ |
| २ | तालुक गृह मन्त्रालय सीमा तथा अध्यागमन शाखाबाट कार्य सहमतिको लागि तथा स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखावाट Security Clearance को लागि प्राप्त | २८८ | २६७ |
| ३ | नागरिक उड्ड्यन कार्यालय प्रहरी प्रतिवेदन | ५ | ५ |
| ४ | राजदुतावासहरुबाट प्राप्त (अपराधिक अभिलेख) | ७७ | ४८ |
| ५ | औंठाछाप प्रमाणिकरण | १६४ | १६४ |
| ६ | अन्य (रिट निवेदन/उजुरी छानबिन) | १ | १ |
| **जम्मा** | | **९५९४७** | **८१४९४** |

## सामुदायिक प्रहरी गतिविधि

२०८० फागुन महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका समुदाय-प्रहरी साझेदारी र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्वारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु :

(गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं. १२४ कार्यक्रमहरू)








*लेकवेसी ४ वडा समिती गठन ,सुर्खेत*

# आसरा सुधार केन्द्र

## २०८० फागुन महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या





## फागुन महिनामा नेपालमा रहेका विदेशी नागरिकहरुको संख्यात्मक विवरण


| सि.न. | कार्य बिबरण | संख्या |
|---|---|---|
| १. | विदेशी नागरिकहरूको मृत्यु | १३ जना |
| २. | विदेशी नागरिकहरूको पक्राउ | ३६ जना |
| ३. | हराएका विदेशी नागरिक | ०२ |
| ४. | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका विदेशी नागरिकहरुको विवरण | १२,८१८ जना |
| ५. | विदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको | - |

# खोजतलास तथा समन्वय

## २०८० फागुन महिनामा हराएका, फेला परेका तथा खोजतलास भएका बालबालिकाहरुको संख्या




## फागुन महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन र बालगृहमा रहेका बालबालिका सम्बन्धी संख्यात्मक विवरण




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव (Digital Forensic Lab)

- Digital Forensics Lab बाट २०८० सालको फागुन महिनामा बिभिन्न १६ वटा मुद्दा शीर्षक (चोरी, किर्ते,ज्यान सम्बन्धी कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव वेचविखन, बिद्युतीय कसूर, जबरजस्ती करणी, कर्तब्य ज्यान, ठगी, संगठित अपराध, बालयौन दुरुपयोग, बैकिङ कसूर, अनलाईन ठगी, जवरजस्ती करणी, सुन तस्करी, सवारी दुर्घटना) अन्तर्गत ५४ वटा मुद्दाको २४२ वटा सबुदहरु परीक्षण गरिएको ।

## दूरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Centre )

- फागुन महिनामा अपराध अनुसन्धानको सिलसिलामा विभिन्न प्रहरी इकाईहरु तथा नेपाल प्रहरी प्रदेश कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी निम्नानुसारको संख्यामा समयमै सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराएको ।




## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशी काठमाण्डौबाट **२०८०/११/०१ गतेदेखि २०८०/११/३० गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **६००** केशहरु र **३४९३** नमूनाहरु प्राप्त भएकोमा नयाँ / पुरानो पेण्डीङ केशहरु समेत गरी **५५३** केशहरु र **३८६०** नमूनाहरु परीक्षण गरिएको ।
- मिति २०८०/११/०१ गते देखि २०८०/१२/३० गते सम्म यस प्रयोगशालाबाट (AFIS) मा **१८३७** DATA Entry भएको ।
- **नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, धरान, सुनसरीबाट २०८०/११/०१ गतेदेखि २०८०/११/३० गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **१९९** केशहरु र **७२५** नमूनाहरु प्राप्त भएकोमा नयाँ / पुरानो पेण्डीङ केशहरु समेत गरी **२३८** केशहरु र **८२६** नमूनाहरु परीक्षण गरिएको ।
- **नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, गणेशमानचोक, नेपालगंजबाट २०८०/११/०१ गतेदेखि २०८०/११/३० गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **७१** केशहरु र **२११** नमूनाहरु प्राप्त भएकोमा नयाँ / पुरानो पेण्डीङ केशहरु समेत गरी **६२** केशहरु र **१६४** नमूनाहरु परीक्षण गरिएको ।

## केनाईन (K9) महाशाखा, महाराजगञ्ज

**२०८० फागुन महिनामा परिचालित संख्या**






***पोखरा सुरक्षा तालिमका प्रशिक्षार्थीहरुलाई प्रशिक्षण पश्चात सामुहिक फोटो***

# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### श्रीमतीसहित ३ जनाको हत्या गरी फरार व्यक्ति मृत अवस्थामा फेला

*काठमाडौं, ९ फागुन*

नागार्जुन नगरपालिका-६ भैरव टोल डेरा गरी बस्ने सोलुखुम्बु दुधकुण्ड नगरपालिका-१० घर भएका ३७ वर्षीय राजु भन्ने काजी बिश्वकर्मा (घिमिरे) नागार्जुन नगरपालिका-५ स्थित ह्वाईट गुम्बा जङ्गलस्थित सल्लाको रुखमा नाईलनको डोरीले पासो लगाइ झुण्डिएको अवस्थामा मृत फेला फेला परेका छन्। काजीले आफ्नै कोठामा श्रीमती ३८ वर्षीया इश्वरी भन्ने प्रेम कुमारी श्रेष्ठ तथा छोरी ८ वर्षीया अनिसा श्रेष्ठ र नातिनी नाता पर्ने २ वर्षीया सिवाना श्रेष्ठ समेतको कर्तब्य गरी हत्यापश्चात फरार रहेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी परिसर काठमाडौं, काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय र प्रहरी वृत्त स्वयम्भूबाट घटनास्थलतर्फ खटिगएको अनुसन्धान टोलीले खोजतलास गर्ने क्रममा उनको शव फेला पारेको हो। घटना सम्बन्धमा प्रहरीबाट थप अनुसन्धान भइरहेको छ।

### हत्या गरेको अभियोगमा श्रीमान श्रीमती पक्राउ

**नुवाकोट, १८ फागुन**

किस्पाङ गाउँपालिका बस्ने रसुवा उत्तरगया गाउँपालिका-३ डाँडागाउँ घर भएका ७१ वर्षीय भुन्टे भन्ने टेक प्रसाद भट्टको हत्या गरेको अभियोगमा २ जनालाई बिहीबार प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा रसुवा कालिका गाउँपालिका-२ धेवुगं बस्ने ४१ वर्षीय अनिल भुषाल र उनकै श्रीमती ३१ वर्षीया दिपा भट्ट भुषाल रहेका छन। किस्पाङ गाउँपालिका-५ खत्रीकुना जंगलमा टेक प्रसाद भट्ट मंगलबार बिहान मृत अवस्थामा फेला परेको घटनाको अनुसन्धान गर्ने क्रममा घटनामा संलग्न उनीहरूलाई जिल्ला प्रहरी कार्यालय नुवाकोटबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिका-१६ बालाजु बाइपासबाट पक्राउ गरेको हो । उनीहरूले विगतको रिसईवीको कारणले भट्टलाई किस्पाङ गाउँपालिकाको खत्रिकुना जंगलमा ललाई फकाई लगि दाउरा प्रहार गरी हत्या गरेको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ। उनीहरू उपर जिल्ला अदालत नुवाकोटबाट ७ दिन म्याद थप अनुमति लिई प्रहरीबाट थप अनुसन्धान भइरहेको छ।

### कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

***काठमाडौं, २१ फागुन***

कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी नुवाकोट दुप्चेश्वर गाउँपालिका-१ घर भएका ४४ वर्षीय प्रेम बहादुर तामाङलाई प्रहरीले पक्राउ गरेको छ। २०५७ माघ १६ गते नुवाकोट साविक ध्याङ्फेदी गाबिस-३ स्थित आफन्तको घरमा घेवा मान्न गएका मख्खु भन्ने छेवाङ तामाङलाई प्रेम बहादुर तामाङ समेतले खुकुरी प्रहार गरी हत्या गरेको घटनामा वारदात पश्चात फरार रहेका उनलाई केन्द्रीय अनुसन्धान ब्यूरो लाजिम्पाटबाट खटिएको प्रहरीले काठमाडौं गोकर्णेश्वर नगरपालिका-८ माकलबारीबाट पक्राउ गरेको हो । उनलाई आवश्यक कारबाहीको लागि जिल्ला प्रहरी कार्यालय नुवाकोट पठाइएको छ।

### धारिलो हतियार प्रहार गरी बालिकाको हत्या गरेको अभियोगमा पक्राउ

*मोरङ, २३ फागुन*

पथरी शनिश्चरे नगरपालिका-७ लामाटोलस्थित दाजुको घरमा बस्ने १५ वर्षीया सन्जना भन्ने ज्ञानमती थुलुङ राईको धारिलो हतियार प्रहार गरी हत्या गरेको अभियोगमा बारा जितपुर सिमरा उपमहानगरपालिकामा बस्दै आएका धिरेन कुमार खाँ चौधरीलाई घटना भएको ४ घण्टाभित्र प्रहरीले पक्राउ गरेको छ। ट्वाईलेट जाने क्रममा अपरिचित मानिसले धारिलो हतियार प्रहार गर्दा ज्ञानमती थुलुङ राईको सोमबार राति घटनास्थलमा नै मृत्यु भएको भन्ने सूचना प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय मोरङ समेतबाट खटिएको प्रहरीले धिरेन कुमारलाई बेलबारी नगरपालिका भाउन्नेस्थित जंगल एरियाबाट पक्राउ गरेको हो। ज्ञानमती थुलुङ राई र धिरेन कुमार बिच प्रेम सम्बन्ध रहेको, एक पटक घरबाट भागी रानी नाका हुँदै जोगवनीतर्फ जाने क्रममा मानब बेचबिखन विरूद्ध सकृय गैरसरकारी संस्थाले फेला पारी उद्दार गरी परिवारको जिम्मा लगाएको, पीडित बालिकाको नाममा फेसबुक लगायतका सामाजिक संजालमा आफ्नै एकाउन्ट खोली चलाउने गरेको, पीडित परिवारका सदस्यलाई दुख दिने आसयले धिरेन कुमारले फेसबुक म्यासेजमा विभिन्न फोटोहरू पठाउने लगायतको कार्य गर्ने गरेको समेत अनुसन्धानको क्रममा खुल्न आएको छ ।यस सम्बन्धमा प्रहरीले थप आवश्यक अनुसन्धान गरिरहेको छ।

## बैंकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

### चोरीमा संलग्न रहेको अभियोगमा पाँच जना पक्राउ

*काठमाडौं, ३ फागुन*

चोरीमा संलग्न रहेको अभियोगमा ५ जनालाई बुधबार प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा काठमाडौं तिलगंगा बस्ने भारत समस्तिपुर मोहदीनगर घर भएका २६ वर्षीय लक्का भन्ने विकास पोदार, भारत वेगुसराका २८ वर्षीय जितेन्द्र पोदार, भारत बैशालीका २७ वर्षीय भाइलाल पोदार, भारत समस्तीपुरका ४० वर्षीय संजय पोदार र सोही ठाउँकी ५० वर्षीय मञ्जु देवी पोदार रहेका छन्। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनीहरूलाई काठमाडौं जडिबुटीबाट पक्राउ गरेको हो । प्रारम्भिक अनुसन्धानको क्रममा गोकणेश्वर नगरपालिका-४ माकलवारीस्थित दिलमाया आले मगरको घरबाट माघ २८ गते सुनका विभिन्न गरगहना तथा नगद गरी जम्मा ६५ लाख रूपैयाँ बराबरको धनमाल, बुढानिलकण्ठ नगरपालिका-१० बस्ने दिनेश घिमिरेको घरबाट माघ २४ गते सुन तथा नगद गरी २५,०००००(पचिस लाख ) रूपैयाँ बराबरको धनमाल र गोकर्णेश्वर नगरपालिका-३ बस्ने गिता राईको घरबाट सुनचाँदीका गरगहना तथा नगद समेत गरी ४,१०००० ( चार लाख दस हजार ) रूपैयाँ बराबरको धनमाल चोरी भएको घटनामा समेत उनीहरूको संलग्नता रहेको खुल्न आएको छ। उनीहरूलाई थप अनुसन्धान तथा कारबाहीको लागि प्रहरी वृत्त बौद्ध पठाइएको छ।

## पोर्चुगल पठाइदिन्छु भन्दै रकम ठगी गर्ने व्यक्ति पक्राउ

***काठमाडौं, ९ फागुन***

पोर्चुगल पठाइदिन्छु भन्दै १७,६०००० ( सत्र लाख साठी हजार ) रूपैयाँ ठगी गरेको अभियोगमा सिन्धुपाल्चोक लिसंखुपाखर गाउँपालिका-४ घर भई काठमाडौं महानगरपालिका-२६ मित्रनगर बस्ने २३ वर्षीय टिका बहादुर भण्डारीलाई प्रहरीले पक्राउ गरेको छ । भण्डारीले २ जनालाई वैदेशिक रोजगारीका लागि पोर्चुगल पठाई प्रतिष्ठित कृषि कम्पनीमा मासिक १५००००( एक लाख पचास हजार) रूपैयाँ तलबमा काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारी पीडितहरूबाट पटक पटक गरी उक्त रकम ठगी गरेको खुल्न आएको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनलाई काठमाडौं मित्रनगरबाट पक्राउ गरेको हो । उनलाई थप अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## माल्दोवा पठाइदिन्छु भन्दै रकम ठगी गर्ने व्यक्ति पक्राउ

***काठमाडौं, ११ फागुन***

माल्दोवा पठाइदिन्छु भन्दै २४,०००००० (चौबिस लाख) रूपैयाँ ठगी गरेको अभियोगमा ओखलढुंगा खिजिदेम्बा गाउँपालिका-७ घर भएका ६७ वर्षीय दल बहादुर बस्नेतलाई प्रहरीले पक्राउ गरेको छ। बस्नेतले ४ जनालाई वैदेशिक रोजगारीका लागि माल्दोवा पठाई प्रतिष्ठित कम्पनीमा Security Guard मासिक २२०००( दुई लाख बिस हजार) रूपैयाँ तलबमा काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारी पीडितहरूबाट पटक पटक गरी उक्त रकम ठगी गरेको खुल्न आएको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले जिल्ला प्रहरी कार्यालय पर्सासँग समन्वय गरी उनलाई पर्सा वीरगंज महानगरपालिका-१३ राधेमाईबाट पक्राउ गरेको हो । उनलाई थप अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## न्युजिल्याण्ड पठाइदिन्छु भन्दै रकम ठगी गर्ने व्यक्ति पक्राउ

*काठमाडौं, १४ फागुन*

न्युजिल्याण्ड पठाइदिन्छु भन्दै १२,७०००० ( बाह लाख सत्तरी हजार ) रूपैयाँ ठगी गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-४ चन्डोल बस्नेहरू लमजुङ दोर्दी गाउँपालिका-७ घर भएका ३० वर्षीय रेशम गुरुङ र ३० वर्षीय गंगा गरूङ रहेका छन् । उनीहरूले १ जनालाई वैदेशिक रोजगारीका लागि न्युजिल्याण्ड पठाई प्रतिष्ठित कम्पनीमा मासिक १५००००( एक लख पचास हजार ) रूपैयाँ तलबमा काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारी पीडितबाट पटक पटक गरी उक्त रकम ठगी गरेको खुल्न आएको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनीहरूलाई काठमाडौं चन्डोलबाट पक्राउ गरेको हो। उनीहरूलाई थप अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## सुन तथा चाँदी चोरी

*सिन्धुपाल्चोक, २१ फागुन*

चौतारा साँगाचोक गढी नगरपालिका-५ चौतारा बजार बस्ने गम्भिर रानाको जिआर सुनचाँदी पसलको सटर फुटाई लकरभन्दा बाहिर रहेको अन्दाजी १० तोला सुन र ३ किलो चाँदी गएराति चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## प्रहरी हौं भन्दै डर त्रास देखाई लुटपाट गरेको अभियोगमा ३ जना पक्राउ

***काठमाडौं, २२ फागुन***

काठमाडौं घट्टेकुलोस्थित ३२ क्याफेमा भएको लुटपाटमा संलग्न रहेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा काठमाडौं कपन बस्ने दोलखा शैलुङ्ग गाउँपालिका-१ घर भएका ३२ वर्षीय प्रमेश्वर खडका, रामेछाप मन्थली नगरपालिका-९ घर भएका २८ वर्षीय मिलन तामाङ भन्ने बिनोद सुन्दास र गोकर्णेश्वर नगरपालिका-५ डेरा गरी बस्ने ओखलढुङ्गा चिशंखुगढी गाउँपालिका-४ घर भएका ३७ वर्षीय प्रेम राई रहेका छन् । उनीहरूले एक जना पीडितलाई आइतबार राति मिलन लामा नाम गरेको फेसबुक आईडीबाट आईफोन लगायतको इलेक्ट्रोनिक ग्याजेटहरू किन्छु भनेर सो क्याफेमा बोलाई सामान हेरी सकेपश्चात हामी प्रहरी हौं भनी डर, धाक, धम्की दिई लुटपाट गरी फरार भएको भन्ने सूचना प्राप्त हुनासाथ जिल्ला प्रहरी परिसर काठमाडौं र प्रहरी वृत्त सिहंदरबारबाट खटिएको प्रहरीले लुटपाटमा संलग्न उनीहरूलाई काठमाडौं न्यूरोडबाट पक्राउ गरेको हो। उनीहरूको साथबाट नगद २१ हजार ४ सय ७० रूपैयाँ, मोबाइलहरू, सेट १ थान र राष्ट्रिय अनुसन्धान विभागको परिचयपत्र लगायतका सामानहरू बरामद भएको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## युके पठाइदिन्छु भन्दै रकम ठगी गर्ने व्यक्ति पक्राउ

*काठमाडौं, २४ फागुन*

युके पठाइदिन्छु भन्दै २९,८८०००( उनन्तिस लाख अठासी हजार) रूपैयाँ ठगी गरेको अभियोगमा मोरङ उर्लाबारी नगरपालिका-९ घर भई ललितपुर महानगरपालिका-२५ भैसेपाटी बस्ने ३४ वर्षीया लक्ष्मी लिम्बुलाई प्रहरीले पक्राउ गरेको छ।लिम्बुले ४ जनालाई वैदेशिक रोजगारीका लागि युके पठाई मासिक ४ लाख २० हजार रूपैयाँ तलबमा केयर गिभरको काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारी पीडितहरूबाट पटक पटक गरी उक्त रकम ठगी गरेको खुल्न आएको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनलाई ललितपुर भैसेपाटीबाट पक्राउ गरेको हो। उनलाई थप अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

*काठमाडौं, २८ फागुन*

बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी झापा बिर्तामोड नगरपालिका-६ घर भई काठमाडौं महानगरपालिका-११ कपन बस्ने ४२ वर्षीय प्रविण संग्रौलालाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। उच्च अदालत पाटनको २०८० बैशाख १५ गतेको फैसलाले बैंकिङ कसूर मुद्दामा ७ दिन कैद, २१,०००००( एकाईस लाख) रूपैयाँ बिगो बमोजिम जरिवाना र क्षतिपूर्ति शुल्क ८४ हजार रूपैयाँ भराउने सजाय ठहर भई फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिका-२१ सुन्धाराबाट पक्राउ गरेको हो । उनलाई फैसला कार्यान्वयनका लागि ललितपुर जिल्ला अदालत लगनखेल ललितपुर पठाइएको छ।

# यौन जन्य अपराध

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***तनहुँ, १६ फागुन***

१८ वर्षीया र १५ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा शुक्लागण्डकी नगरपालिका-१२ फिरफिरे बडडाँडा बस्ने ४१ वर्षीय युका भन्ने युवराज गुरूङलाई प्रहरीले पक्राउ गरेको छ । गुरूङले १८ वर्षीया किशोरीलाई गत असोज २९ गते र १५ वर्षीया किशोरीलाई फागुन २ गते जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय बेलचौताराबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***कैलाली, १७ फागुन***

१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा टीकापुर नगरपालिका-१ शक्तिनगर शिबिर बस्ने ६० वर्षीय आशाराम चौधरीलाई बुधबार राति प्रहरीले पक्राउ गरेको छ । चौधरीले ती बालिकालाई ललाई फकाई सोही ठाउँस्थित कैलाशेश्वर सामुदायिक वनभित्र लगेर जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय टीकापुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***बर्दिया, २० फागुन***

१३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बारबर्दिया नगरपालिका-२ गौरिपारा बस्ने ३० वर्षीय बिकाश थारूलाई प्रहरीले पक्राउ गरेको छ । थारूले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय बानियाभारबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, २६ फागुन***

तनहुँ, १० वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा ब्यास नगरपालिका-११ चिसापानी नवआदर्स टोल बस्ने ५७ वर्षीय प्रेम बहादुर सार्कीलाई प्रहरीले पक्राउ गरेको छ । सार्कीले ती बालिकालाई ललाई फकाई डरत्रास समेत देखाई सोही ठाउँस्थित जंगलको झाडीमा जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय तनहुँबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# लागू औषध सम्बन्धी

## करिब ४०७ (चार सय सात ) किलो गाँजासहित दुई जना पक्राउ

***सुनसरी, १ फागुन***

बराहक्षेत्र नगरपालिका-९ राजाबासबाट अवैध लागूऔषध गाँजा करिब ४०६ ( चार सय छ किलो ९ सय ४० ग्राम ) सहित २ जनालाई गएराति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा धरान उपमहानगरपालिका-४ बस्ने २५ वर्षीय सूर्य राई र भोजपुर हतुवागढी गाउँपालिका-८ बस्ने २७ वर्षीय लक्ष्मण राई रहेका छन् । ईलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटिएको प्रहरीले बराहक्षेत्र नगरपालिका-९ राजाबासस्थित दाहसंस्कार गर्ने घाट नजिक प्रदेश ०१-०२-००१ ज ४०५० नम्बरको बोलेरो गाडीलाई जाँच गर्ने क्रममा गाडीमा १३ वटा बोरामा उक्त परिमाणको गाँजा फेला पारी चालक सूर्य र गाडीमा सवार लक्ष्मणलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## ५९४ (पांचसय चौरनब्बे ) किलो गाँजासहित चार जना पक्राउ

***धनकुटा, २ फागुन***

साँगुरीगढी गाउँपालिका-६ भेडेटार चोकबाट अवैध लागूऔषध गाँजा करिब ५९४ ( पांचसय चौरनब्बे) किलोसहित ४ जनालाई गएराति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा भारत अररिया वतना गाँउ-१ बस्ने ४४ वर्षीय नईम खान, भारत अररिया विहार बस्ने १८ वर्षीय किशोर, भारत अररिया कलियागञ्ज बस्ने ७० वर्षीय लखन महत्तो र मोरङ रंगेली नगरपालिका-७ बस्ने ७० वर्षीय गयानन्द मण्डल रहेका छन् । ईलाका प्रहरी कार्यालय भेडेटारबाट खटिएको प्रहरीले मुलघाटदेखि विराटनगरतर्फ जाँदै गरेको को.१ ख ७३२२ नम्बरको डिजेल/पेट्रोल बोक्ने ट्याङकरलाई जाँच गर्ने क्रममा ट्याङकरको बिचको डिब्बा (केल) भित्र लुकाई छिपाई राखेको उक्त परिमाणको गाँजा फेला पारी ट्याङकरमा सवार उनीहरूलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## अवैध लागूऔषध १० किलो चरेस र सालकको खपटासहित तीन जना पक्राउ

***मकवानपुर, ५ फागुन***

थाहा नगरपालिका-९ टिपटारबाट अवैध लागूऔषध चरेस जस्तो देखिने वस्तु करिब १० किलो र करिब १ किलो तौलको सालकको खपटासहित ३ जनालाई शुक्रबार राति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ डेरा गरी बस्ने थाहा नगरपालिका-७ डाडाबास घर भएका ३५ वर्षीय दिलु भन्ने टेक बहादुर गोले, टेक बहादुरकै भतिज नाता पर्ने ३० वर्षीय गब्रे भन्ने दिलिप कुमार गोले र दिलिप कुमारकी श्रीमती ३१ वर्षीया चमेली भन्ने सबिता गोले पाख्रिन रहेका छन् । विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय चित्लाङ र ईलाका प्रहरी कार्यालय पालुङबाट खटिएको प्रहरीले उनीहरूको कोठा तलासी गर्दा उक्त लागूऔषध र सालकको खपटा फेला पारी तीनै जनालाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## करिब ५४४ ( पांचसय चवालिस किलो गाँजासहित चितवनबाट २ जना पक्राउ

***काठमाडौं, ७ फागुन***

चितवन, राप्ती नगरपालिका-३ झुरझुरेबाट अवैध लागूऔषध गाँजा करिब ५४४ ( पांचसय चवालिस ) किलोसहित २ जनालाई सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा धनकुटा छथर जोरपाटी गाउँपालिका-३ बस्ने ३२ वर्षीय रमेश नाथ दाहाल र कपिलवस्तु बुद्धभूमि नगरपालिका-४ बस्ने २५ वर्षीय शुसिराम थारू रहेका छन् । ईलाका प्रहरी कार्यालय भण्डाराबाट खटिएको प्रहरीले उक्त स्थानमा रोकी राखेको ना.३ ख ६१२२ नम्बरको ट्रक र ना.३ ख ७२४० नम्बरको डिब्बा ट्रकलाई जाँच गर्ने क्रममा डिब्बा ट्रकमा लुकाई छिपाई राखेको ३९ वटा पोकामा रहेको उक्त परिमाणको गाँजा फेला पारी सोही ट्रकका चालक रमेश नाथ र ना.३ ख ६१२२ नम्बरको ट्रकका सहचालक शुसिरामलाई पक्राउ गरेको हो । हाल फरार ना.३ ख ६१२२ नम्बरको ट्रकका चालकको प्रहरीले खोजी गरिरहेको छ ।

## करिब २४ किलो चरेससहित पाँच जना पक्राउ

***कपिलवस्तु, १४ फागुन***

अवैध लागूऔषध चरेश जस्तो देखिने बस्तु करिब २४ किलो ५ सय ६० ग्रामसहित ५ जनालाई आइतबार बेलुकी प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा धादिङ खनियाबास गाउँपालिका-५ बस्ने ५९ वर्षीया सेती तामाङ, ६६ वर्षीय रेगदोन तामाङ, सल्यान सिद्धकुमाख गाउँपालिका-४ बस्ने ४० वर्षीय थल बहादुर रोका, धादिङ खनियाबास गाउँपालिका-५ बस्ने ५२ वर्षीया साङ जोम तामाङनी र रूकुम भुमे गाउँपालिका-२ घर भई दाङ लमही नगरपालिका-४ बस्ने ३७ वर्षीया भावना बुढा रहेका छन् । ईलाका प्रहरी कार्यालय कृष्णनगरबाट खटिएको प्रहरीले कृष्णनगर नगरपालिका-२ लिङ्गेटबाट नेपालबाट भारततर्फ जाँदै गरेका सेती तामाङलाई ५ किलो ५ सय ५५ ग्राम, रेगदोन तामाङलाई ५ किलो ३ सय ६५ ग्राम, थल बहादुरलाई ४ किलो ६ सय १५ ग्राम र साङ जोमलाई ५ किलो ४ सय ८० ग्राम लागूऔषध चरेश जस्तो देखिने बस्तुसहित पक्राउ गरेको हो । साथै थप अनुसन्धानको क्रममा भावना बुढाको समेत संलग्नता रहेको खुल्न आएपछि उनलाई कृष्णनगर नगरपालिका-१ शिवानगरबाट थप ३ किलो ५ सय ४५ ग्राम चरेशजस्तो देखिने बस्तुसहित फेला पारी प्रहरीले पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## ६२० ( छसय विस किलो ४४ ग्राम गाँजासहित ट्रक चालक पक्राउ

***धादिङ, १५ फागुन***

गजुरी गाउँपालिका-२ स्थित सडकबाट अवैध लागूऔषध गाँजा ६२० ( छसय बिस  किलो ४४ ग्राम) सहित सर्लाही लालबन्दी नगरपालिका-७ बस्ने २९ वर्षीय सन्तोष कुमार साहलाई मंगलबार बिहान प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय धादिङबाट खटिएको प्रहरीले मधेश प्रदेश ०३-००१ ख ८३०९ नम्बरको मिनि ट्रकलाई जाँच गर्ने क्रममा कबाडीको समानभित्र लुकाई राखेको उक्त परिमाणको गाँजा फेला पारी ट्रक चालक साहलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## ४५ किलो चरेससहित ३ जना पक्राउ

*मकवानपुर, १६ फागुन*

भिमफेदी गाउँपालिका-२ भैँसेबाट अवैध लागूऔषध चरेस ४५ किलो र गाँजा करिब ५ किलोसहित ३ जनालाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा थाहा नगरपालिका-८ आग्रा बस्ने ३० वर्षीय बिमल स्याङतान, कैलाश गाउँपालिका-१ खोलाखर्क बस्ने ५२ वर्षीय चन्द्र बहादुर घलान र भिमफेदी गाउँपालिका-१ किटनी बस्ने ३२ वर्षीय नवराज तामाङ रहेका छन् । प्रहरी चौकी भैँसेबाट खटिएको प्रहरीले पालुङबाट हेटौंडातर्फ जाँदै गरेको ना.४ ख ६०९१ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार उनीहरूलाई उक्त परिमाणको लागूऔषधसहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## सेफ्टी ट्याङ्करभित्र लुकाएको लागूऔषधसहित एक जना पक्राउ

***काठमाडौं, १७ फागुन***

गोकर्णेश्वर नगरपालिका-५ जम्मुडाँडाबाट नियन्त्रित लागूऔषध विनसिरेक्स ४७५ बोतलसहित हरिवन नगरपालिका-३ ठेगाना भएका ३४ वर्षीय नविन मोक्तानलाई गएराति प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरीले उक्त स्थानमा रोकी राखेको ना.८ ख २०२२ नम्बरको सेफ्टी ट्याङ्करलाई जाँच गर्ने क्रममा सिट मुनि उक्त परिमाणको लागूऔषध फेला पारी मोक्तानलाई पक्राउ गरेको हो । साथै उक्त लागूऔषध ओसार पसारमा प्रयोग गरिएको ट्याङ्कर समेत प्रहरीले नियन्त्रणमा लिएको छ । उनी उपर लागूऔषध मुद्दामा जिल्ला अदालत काठमाडौँबाट म्याद थप अनुमति लिई प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## ४५ किलो चरेससहित ३ जना पक्राउ

***मकवानपुर, १६ फागुन***

भिमफेदी गाउँपालिका-२ भैँसेबाट अवैध लागूऔषध चरेस ४५ किलो र गाँजा करिब ५ किलोसहित ३ जनालाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा थाहा नगरपालिका-८ आग्रा बस्ने ३० वर्षीय बिमल स्याङतान, कैलाश गाउँपालिका-१ खोलाखर्क बस्ने ५२ वर्षीय चन्द्र बहादुर घलान र भिमफेदी गाउँपालिका-१ किटनी बस्ने ३२ वर्षीय नवराज तामाङ रहेका छन् । प्रहरी चौकी भैँसेबाट खटिएको प्रहरीले पालुङबाट हेटौंडातर्फ जाँदै गरेको ना.४ ख ६०९१ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार उनीहरूलाई उक्त परिमाणको लागूऔषधसहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# अन्य अपराध

## भन्सार छलि लैजान लागेको सुनसहित दुई जना महिला पक्राउ

*काठमाडौं, ३ फागुन*

भन्सार छलि अवैध रूपमा लैजान लागेको सुन जस्तो देखिने पहेंलो धातुसहित २ जना महिलालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सुनसरी बराहक्षेत्र नगरपालिका-१ ठेगाना भएकी ३८ वर्षीया सन्चा कुमारी राई र धादिङ शिद्धलेख गाउँपालिका-३ ठेगाना भएकी २६ वर्षीया उर्मिला मगर रहेका छन् । हिमालयन एयरलाईन्सको उडानद्वारा दोहाबाट नेपाल आएकी सन्चा कुमारीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आगमन टनेल गेटबाट नियन्त्रणमा लिई तलासी गर्दा भित्री बस्त्रमा सुन जस्तो देखिने पहेलो रंगको धातुको करिब ११.६४ ग्राम तौलको बेरुवा औंठी १ थान र करिब ५८.३२ ग्राम तौलको ब्रासलेट १ थान लुकाई छिपाई भन्सार छली लैजान लागेको अवस्थामा फेला पारी प्रहरीले पक्राउ गरेको हो । यसैगरी हिमालयन एयरलाईन्सको उडानद्वारा दुबईबाट नेपाल आएकी उर्मिलालाई विमानस्थलको आगमन टनेल गेटबाट नियन्त्रणमा लिई तलासी गर्दा पाईन्टभित्र लुकाई छिपाई भन्सार छलि लैजान लागेको अवस्थामा करिब ५० ग्राम तौलको सिक्री १ थान र करिब १८ ग्राम तौलको गणेशको मुर्तिको लकेटसहित सिक्री १ थान फेला पारी पक्राउ गरेको हो । उनीहरूलाई आवश्यक अनुसन्धान एवम् कारवाहीको लागि त्रिभुवन विमानस्थल भन्सार कार्यालय गौचरमा बुझाइएको छ ।

## जुवातास खेलिरहेको अवस्थामा २३ जना पक्राउ

*काठमाडौं, ६ फागुन*

काठमाडौं, कीर्तिपुर नगरपलिका-६ बस्ने ३८ वर्षीय मनिकराम महर्जनको टहरामा जुवातास खेलिरहेको अवस्थामा महर्जन समेत १५ जनालाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी वृत्त कीर्तिपुरबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ३८ हजार ५ सय ९९ रूपैयाँ र ३ बुक तासहित पक्राउ गरेको हो । यसैगरी काठमाडौं, कीर्तिपुर नगरपालिका-१ अमृतनगर बस्ने ५१ वर्षीय भक्त बहादुर राईको टहरामा जुवातास खेलिरहेको अवस्थामा राई समेत ८ जनालाई शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । प्रहरी वृत्त कीर्तिपुरबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ४५ हजार रूपैयाँ र ९ बुक तासहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## कटुवा पेस्तोलसहित दुई जना पक्राउ

*पर्सा, १० फागुन*

बहुदरमाई नगरपालिका-९ बाट कटुवा पेस्तोल १ थानसहित २ जनालाई बुधबार राति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा कालिकामाई गाउँपालिका-९ कटिबलुवा बस्ने ४४ वर्षीय दिपेन्द्र गिरी र पोखरिया नगरपालिका-९ बैरियाबिर्ता बस्ने ३७ वर्षीय शिवपुजन मुखिया रहेका छन् ।जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले ना.१२ प ४९७१ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त पेस्तोलसहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## अवैध रूपमा अन्तर्राष्ट्रिय आगमन कल बाईपास संचालन गर्ने दुई जना पक्राउ

*काठमाडौ, १२ फागुन*

अवैध रूपमा अन्तर्राष्ट्रिय आगमन कल बाईपास (भिओआइपी) संचालन गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा पर्सा सखुवाप्रसौनी गाउँपालिका-५ घर भई कास्की पोखरा महानगरपालिका-११ बस्ने ३७ वर्षीय विशाल साह कलवार र रूपन्देही लुम्बिनी साँस्कृतिक नगरपालिका-४ घर भई पोखरा महानगरपालिका-११ फुलवारी बस्ने २७ वर्षीय ईमरान अहमद खान रहेका छन् । गैरकानूनी रूपमा अन्तर्राष्ट्रिय आगमन कल बाईपास संचालन गरिरहेको भन्ने सूचनाको आधारमा केन्द्रीय अनुसन्धान ब्यूरो लाजिम्पाट र जिल्ला प्रहरी कार्यालय कास्कीबाट खटिएको संयुक्त टोलीले कास्की पोखरा महानगरपालिका-११ सिद्धेश्वरमार्गस्थित कोठामा कल बाईपास गरिरहेको अवस्थामा फेला पारी दुवै जनालाई पक्राउ गरेको हो । उनीहरूबाट भिओआइपी गेटवे ६४ पोर्टको २ थान, वाइफाई राउटर १ थान, युपिएस १ थान, एनसेलको सिम ५ सय ९७ थान, पेनड्राईभ १ थान, मोबाइल २ थान लगायतका उपकरण बरामद भएको छ । उनीहरू उपर दूरसंचार ऐन, २०५३ अन्तर्गतको कसूरमा प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ ।

## सामाजिक संजालमार्फत नाबालिकाको चरित्रहत्या गर्ने व्यक्ति पक्राउ

*काठमाडौं, २० फागुन*

सामाजिक संजाल फेसबुकमार्फत नाबालिकाको चरित्रहत्या गरेको अभियोगमा काठमाडौं महानगरपालिका-२६ गोल्खुपाखा बस्ने सिन्धुपाल्चोक चौतारा साँगाचोकगढी नगरपालिका-६ घर भएका २२ वर्षीय सुमन खत्रीलाई प्रहरीले पक्राउ गरेको छ । सामाजिक सञ्जाल फेसवुकमा नाबालिकाले पोष्ट गरेका फोटो डाउनलोड गरी विभिन्न फेक आईडी खोली ती आईडीबाट नाबालिकाको फोटो प्रयोग गरी अश्लिल क्याप्सन लेख्ने साथै निज नाबालिका तथा उनकी दिदी र साथीहरूलाई अश्लिल तस्विर, भिडियो फेसबुक म्यासेन्जरमा पठाई दु:ख, हैरानीका साथै चरित्र हत्या समेत गरेको भन्ने पीडितको उजुरीको आधारमा नेपाल प्रहरी प्रधान कार्यालय साइबर ब्यूरो भोटाहिटीबाट खटिएको प्रहरीले प्रारम्भिक अनुसन्धान तथा प्राविधिक विश्लेषण गर्ने क्रममा सुमनको संलग्नता खुल्न आएपछि उनलाई ठमेलबाट पक्राउ गरेको हो । उनी उपर काठमाडौं जिल्ला अदालतबाट ५ दिन म्याद अनुमति लिई विद्युतीय कारोबार ऐन, २०६३ बमोजिमको कसूरमा प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ ।

## भन्सार छलि अवैध रूपमा लैजान लागेको सुनसहित एक जना पक्राउ

*काठमाडौं, २४ फागुन*

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक पार्किङ एरियाबाट अन्दाजी ५८ ग्राम तौलको सुन जस्तो देखिने पहेंलो रंगको ब्रासलेट १ थानसहित सिरहा धनगढीमाई नगरपालिका-४ ठेगाना भएका २६ वर्षीय सूर्य नारायण साहलाई प्रहरीले पक्राउ गरेको छ । बाह्य मुलुकबाट नेपाल आगमन भएका यात्रुलाई भन्सार छलि गर्न लगाई अवैध रूपमा संकलन गरी लैजान लागेको उक्त तौलको सुनसहित फेला पारी उनलाई प्रहरीले पक्राउ गरेको हो । उनलाई आवश्यक अनुसन्धान एवम् कारबाहीको लागि त्रिभुवन विमानस्थल भन्सार कार्यालय गौचरमा बुझाईएको छ ।

## स्रोत नखुलेको नगदसहित ४ जना पक्राउ

*मकवानपुर, २७ फागुन*

हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेबाट स्रोत नखुलेको ५ लाख ४९ हजार १ सय भारतीय रूपैयाँ र २ लाख ५० हजार नेपाली रूपैयाँसहित ४ जनालाई गएराति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा भारत बिहार राज्य सितामणी थाना-९ भुभैरवो बस्ने ३० वर्षीय राकेश कुमार, ३० वर्षीय चन्द्र बाबु, ३७ वर्षीय अशोक राय र सुनसरी कोशी गाउँपालिका-४ बस्ने ३२ वर्षीय निजाम मिया रहेका छन् । प्रहरी चौकी रातोमाटेबाट खटिएको प्रहरीले वीरगंजबाट नारायणघाटतर्फ जाँदै गरेको बिआर ०१ एआर २९९१ नम्बरको भारतीय नम्बर प्लेटको कारलाई जाँच गर्ने क्रममा कारको सिट मुनी लुकाई छिपाई ल्याएको विभिन्न दरका उक्त नगद फेला पारी कारमा सवार उनीहरूलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## स्रोत नखुलेको नगदसहित तीन जना पक्राउ

*बाँके, २८ फागुन*

नेपालगंज उपमहानगरपालिका-.१ स्थितबाट स्रोत नखुलेको ३८ लाख ६३ हजार नेपाली रूपैयाँसहित ३ जनालाई आइतबार साँझ प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा बर्दिया राजापुर नगरपालिका-१ बस्ने २० वर्षीय अनुप थारू, बर्दिया बारबर्दिया नगरपालिका-२ बस्ने २५ वर्षीया पूर्णिमा चौधरी र बाँके नेपालगंज उपमहानगरपालिका-१६ बस्ने ३६ वर्षीय सहिब अहमद जसगड रहेका छन् । जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त नगदसहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## विभिन्न हातहतियारसहित दुई जना पक्राउ

*स्याङजा, ३० फागुन*

वालिङ नगरपालिका १०-पाठेखोलाबाट विभिन्न हातहतियारसहित २ जनालाई गएराति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरू सोही ठाउँ बस्ने ५३ वर्षीय बरूण गैरे र सोही नगरपालिका बस्ने ९-१८ वर्षीय किशोर रहेका छन् । वडा प्रहरी कार्यालय वालिङबाट खटिएको प्रहरीले उनीहरूलाई एकनाले भरूवा बन्दुक १ थान, सोही बन्दुकको गोली ९ राउण्ड) ३ राउण्ड लाइभ राउण्ड, १ राउण्ड छर्रा भरेको, ५ राउण्ड खाली(, छर्रा, बारूद १ वट्टा र हसिया १ थानसहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप आवश्यक अनुसन्धान गरिरहेको छ ।

# उत्कृष्ठ अनुसन्धान

## मुद्दा शीर्षक – जबरजस्ती करणी

मिति २०८०।११।०४ गते बिहानको राती अं.०१:०० बजेको समयमा सन्तोष बि.क. र बिकस क्षेत्रीले परिवर्तित नाम ०८०/०८१ को सातदोबाटो (८७) लाई शौचालय जानको लागि निन्द्रा बाट उठी टेन्ट बाहिर आएको समयमा जबरजस्ती करणी गरी भागी गएको हुँदा निजहरुलाई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने ब्यहोराको मिति २०८०।११।०६ गते जाहेरी दरखास्त दिएकोमा सम्पूर्ण अनुसन्धान पुरा गरी पेश हुँदा सम्मानित ललितपुर जिल्ला अदालतको मिति २०८०।११।३० गतेको आदेशानुसार प्रतिवादीहरू मध्येका सन्तोष वि.क. पूर्पक्षको लागि थुनामा गएको र प्रतिवादी विकास क्षेत्रीलाई रु.१ लाख धरौटी माग भएकोमा राख्न नसकी थुनामा गएको।

## मुद्दा शीर्षक – जबरजस्ती करणी

मिति २०८०।११।०२ गते दिनको अं.१४:०० बजेको समयमा जिल्ला सिरहा लहान न.पा. वडा नं.१ स्थित राम स्वरुप चौधरीको घरमा कोठाभाडा लिई बस्ने अरुण यादवको कोठा भित्र जिल्ला १६ सुखिपुर न.पा. वडा नं.०२ बस्ने बर्ष १७ को परिवर्तित नाम "०८० लहान थ"ले परिवर्तित नाम ०८० लहान ण"लाई ललाई फकाई ल्याई जवरजस्ती करणी गरेको र सोही कारण सांकेतिक नाम ०८० लहान "ण" बिरामी भएकोले निजलाई उपचारको लागि प्रादेशिक अस्पताल लहान सिरहामा ल्याई उपचार भईरहेको भन्ने व्यहोराको पीडित बालीकाको दाई सांकेतिक नाम ०८० लहान "ण४"ले निकेश कुमार यादवको जाहेरी दरखास्त प्राप्त भएकोमा बाल बिज्याई गर्ने परिवर्तित नाम "०८० लहान थ"लाई अनुसन्धान पश्चात मिति २०८०।११।२७ गते सम्मानित सिरहा अदालतमा पेश गर्दा सम्मानित सिरहा जिल्ला अदालतको आदेशले बाल बिज्याई कर्तालाई बाल सुधार केन्द्र बिरगंज पठाईएको।

## मुद्दा शीर्षक – जबरजस्ती करणी

मिति २०८०।१०।२० गते अं. १२:३० बजेको समयमा जिल्ला चितवन भरतपुर महानगरपालिका वडा नं. ११ स्थित प्रतिवादीको घरमा जाहेरवालाको छोरी बर्ष ६ की नाम परिवर्तित ३५ भरतपुर (३६) ०८०/०८१ लाई प्रतिवादी ऐ.ऐ. बस्ने बर्ष ४८ को ओम रानाले करणी गरेको भन्ने समेत व्यहोराको मिति २०८०।११।०५ गते सन्तु परियारको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात पेश हुँदा सम्मानित चितवन जिल्ला अदालतको मिति २०८०।१२।०२ गतेको आदेशले अभियुक्तलाई पूर्पक्षको लागि कारागार चलान भएको।

## मुद्दा शीर्षक – डाकाँ अपहरण तथा शरीर बन्धक र सामूहिक जबरजस्ती करणी

मिति २०८०।१०।२३ गते विहानको राती अं ०२:०० बजेको समयमा सुतिरहेको अवस्थामा रातीको समयमा एक्कासी ढोका ठेली कब्जा चुकुल समेत उप्काई घर भित्र अनाधिकृत रुपमा हामीले नचिनेका ४ जना मानिसहरु प्रवेश गरी दराजको चावी माग्दा दराजको चाबी दिई सो दराज भित्र पैसा सुन चांदी खोज्दा नभेटे पछि हामीहरुको हातमा लगाएको चाँदीको बाला १०/१० भरीको ४ वटा गरी जम्मा २० तोला, आधा आनाको नाकमा लगाउने सुनको फुली, चांदीको १ तोलाको कनफुल थान २, सामसुङ कम्पनीको ९८०१७७७१३१ नं को सिम सहितको मोवाइल थान १, बटमवाला मोवाइलमा भएको ९७०४७६७१५६ भएको सिम सहितको मोबाइल थान १, चोरी गरी लगेको र परिवर्तित नाम २१ जलेश्वर०८०(३२क) लाई चारै जनाले बोल्न समेत नदिई मुख थुनी बोकी लगेको र विहानको ०३:३० बजेको समयमा चोरहरुले छाडी दिदा घरमा आएको, परिवर्तित नाम २१ जलेश्वर०८० (३२क) लाई सबै चोरहरुले पालै पालै सामूहिक रुपमा जवरजस्ती करणी गरेको भनी समेत रुदै वताएकीले सो घटनामा संलग्न व्यक्तीहरुलाई कानून वमोजिम हदै सम्म कारवाही गरी प्रतिवादीबाट क्षतिपुर्ति समेत दिलाई भराई पाउ भन्ने व्यहोराको सांकेतिक नाम २१ जलेश्वर ०८० (३२) को मिति २०८०।१०।२६ गते जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात पेश हुँदा सम्मानित महोत्तरी जिल्ला अदालतको मिति २०८०।११।२३ गतेको आदेशले प्रतिवादी उबैद मोमिन, अनबर अंसारी, जियाउल रहमान अंसारीलाई पूर्पक्षको लागि कारागार चलान भएको।

## मुद्दा शीर्षक – हातहतियार तथाखरखजाना तथा कर्तव्य ज्यान

मिति २०८०।११।०३ गते राती अं.२०:३० वजेको समयमा जिल्ला दाङ घोराही उ.म.न.पा.वडा नं.१४ दामोदर चोक स्थितमा रहेको प्रहरी बिटमा रातीको अ:१८:०० बजेको समयमा डिउटीमा रहेकी जिल्ला प्युठान नौबाहिनी गाउँपालिका वडा न.४ खवाङ घर भएकी प्रहरी जवान वर्ष २८ की धनमाया थापा मगर ड्युटीमा रहेको अवस्थामा निजको श्रीमान जिल्ला प्युठान नौबाहिनी गाउँपालिका वडा न.४ खवाङ घर भई हाल कार्यरत कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र सुर्खेत हाल नेपालगंज बाँकेमा कार्यरत प्रहरी सहायक हवल्दार वर्ष ३५ को याम बहादुर झाँक्रीले रा १२ प ११५० नं को मोटरसाईकलमा आई आफ्नै श्रीमती धनमाया थापा मगरलाई पेस्तोल बाट तीन राउण्ड गोली हानी घाईते बनाई भागी फरार भएको र वारदात स्थानमा प्रहरी र स्थानिय मानिस हरुको सहितको टोलीले निज घाईते धनमाया थापा मगरलाई तत्काल उपचारको लागि राष्ट्री स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराही दाङमा उपचारको लागि लगिएकोमा घाईतेको उपचारको क्रममा मृत्यु भएको। निज प्रतिवादीलाई कानून बमोजिम कारवाही गरी पाऊ भन्ने व्यहोराको मिति २०८०।११।०४ गतेको जाहेरी दरखास्त प्राप्त भएकोमा निज प्रतिवादीलाई कानून बमोजिम पक्राउ गरी अनुसन्धान पश्चात पेश हुँदा सम्मानित दाङ जिल्ला अदालतको मिति २०८०।११।१२ गतेको आदेशले प्रतिवादी याम बहादुर झाँक्री मगर पूर्पक्षको को लागि कारागार चलान भएको।

## मुद्दा शीर्षक – मानव बेच बिखन तथा ओसार पसार

मिति २०८०।१०।०६ गते कपिलवस्तु जिल्ला कर्महवा बस्ने वर्ष १३ की परिवर्तित नाम ५१ "१८" लाई बिहानको खाना खाई शनिवार तौलिहवामा लाग्ने हाट बजार आएकोमा जिल्ला कपिलवस्तु क.ब.न.पा वडा नं.-१ नयाँहाट बजार बस्ने अं वर्ष २४ को महबुब अलीले मेरी छोरीलाई ललाई फकाई विश्वास दिलाई तौलिहवाबाट मेरो घर कर्महवा पुऱ्याई दिन्छु भनी लु ६ प २९७८ नं.को मोटरसाईकलमा पछाडी बसाली कर्महवा घरमा नल्याई नेपाल भारत सिमाना तिर लग्दै गर्दा मोटरसाईकलबाट उतारदेउ भनी पछाडीबाट निजको ढाडमा पटक पटक मुक्का हान्दा समेत निजले नउतारी भारतको बजाह ताल पुऱ्याउदा मेरी छोरीले भारतीय प्रहरीलाई देखी चिच्याई हारगुहार गर्दा भारतीय प्रहरीले मोटरसाईकल रोकी सोधपुछ गर्न लाग्दा मेरी छोरीलाई त्यही छाडी निज महबुब नेपाल तिर भागेको हुँदा निज महबुब अलिलाई पक्राउ गरी कानून बमोजिम गरी पाँउ भन्ने समेत व्यहोराको नाम परिवर्तित ५१ "१७" कपिलवस्तुको मिति २०८०।१०।०८ गतेको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात पेश हुँदा सम्मानित कपिलवस्तु जिल्ला अदालतको मिति २०८०।११।०३ गतेको आदेशले निज प्रतिवादी महबुब अलि डफाली पूर्पक्षको लागि कारागार चलान भएको।

# अपराध अनुसन्धान विभाग
# नागरिक सूचना इकाई द्वारा प्रकाशित
# मासिक ई- बुलेटिन

सत्य सेवा सुरक्षणम्

## नेपाल प्रहरी प्रधान कार्यालय
## अपराध अनुसन्धान विभाग
## नक्साल काठमाडौं